नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रुपन्देही

निर्णयहरु:-

१. विपद् सम्बन्धी भए/गरेका कार्यहरु एवं समग्र विपद् व्यवस्थापनको सम्बन्धमा छलफल, समीक्षा र बिश्लेषण गरियो ।

२. मौसम पुर्व तयारी तथा प्रतिकार्य योजना – २०८३ बैठकमा पेश भयो । बैठकबाट प्राप्त पृष्ठपोषणका आधारमा संशोधन सहित तयार गरिएको **मौसम पूर्व तयारी तथा प्रतिकार्य योजना – २०८३** स्वीकृत गर्ने र सबै सरोकारवाला निकायहरुले कार्यान्वयन गर्ने ।

३. मर्चवारी गाउँपालिकाको च.नं. २०९९ मिति २०८३/०१/०७ गतेको पत्र र सो साथ संलग्न स्थानीय विपद् व्यवस्थापन समितिको मिति २०८२/१२/०४ गतेको निर्णयानुसार चट्याङ्गमा परी मृत्यु भएका मर्चावारी गाउँपालिका वडा नं. ३ का गौकरण यादवलाई रु.२,००,०००।– अक्षरुपी (दुई लाख) भुक्तानी भएको र सो रकम सोधभर्नाको लागि जिल्ला विपद् व्यवस्थापन कोषमा पेश गर्न भनि माग भै आएको हुँदा विपद् संवेदनशील सामाजिक सुरक्षा तथा राहत वितरण मापदण्ड २०८१ को दफा ५ बमोजिम जिल्ला विपद् व्यवस्थापन कोषमा रहेको मौजदात रकम मध्येबाट रु. रु.२,००,०००।– अक्षरुपी (दुई लाख) मर्चवारी गाउँपालिका ग. २.७ विविध खर्च खातामा निकासा गर्ने निर्णय गरियो ।

४. नेपाल आयल निगम लिमिटेडको च.नं.१८१ मिति २०८३/०२/१३ गतेको पत्र र सो साथ संलग्न सरकारी जग्गा, दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७९ अनुसारको निर्णय, ओमसतिया गाउँपालिकाको सिफारिश र निर्णय, रोहिणी गाउँपालिकाको निर्णय उतार सम्बन्धी पत्र समेतका आधारमा नेपाल आयल निगमको सरकारी प्रकृतिको जग्गा ईन्धन भण्डारण डिपो निर्माणका लागि नेपाल आयल निगम लिमिटेडलाई लिजमा उपलब्ध गराउन भनी लेखी आएकोमा जिल्ला विपद् व्यवस्थापनको लागि समेत आवश्यक नदेखिएकोले सोही व्यहोरा लिजमा जग्गा प्राप्तिका लागि सम्बन्धित निकायमा सिफारिश गर्ने ।

५. जिल्ला प्रहरी कार्यालय, रुपन्देहीको च.नं. ३०२७ मिति २०८२/०७/०९ गतेको प्राप्त पत्र र सो साथ संलग्न भूमि प्रशासन कार्यालय, भैरहवा, रुपन्देहीको च.नं. ९२९४ मिति २०८३/०२/१३ गतेको पत्र, रोहिणी गाउँपालिकाको सिफारिश पत्र, स्थानीय विपद् व्यवस्थापन समितिको निर्णय, नापी कार्यालयको जग्गाको नक्सा समेतका आधारमा जिल्ला प्रहरी कार्यालय मातहत रहेको प्रहरी चौकी पिपरहवा चौकीको नाममा पुर्जा नभएका कारण हाल बसोवास गरी रहेको रोहिणी गाउँपालिका वडा नं. ५ बोदवार साविक पर्सा गा.वि.स. वडा नं. २ कित्ता नं. १६५ क्षेत्रफल (०-६-५) छ कठ्ठा पाँच धुर जग्गामा पुरानो भवन जिर्ण भई बस्न अयोग्य रहेको देखिएकोले नयाँ भवन निर्माण कार्यका लागि उक्त जग्गा प्रहरी चौकी पिपरहवालाई उपयोगमा दिन उपयुक्त देखिएकोले सो जग्गा उपयोग गर्दा जिल्ला विपद् व्यवस्थापन आवश्यक नदेखिएकोले सोही व्यहोरा लिजमा जग्गा प्राप्तिका लागि सम्बन्धित निकायमा सिफारिश गर्ने ।

६. बढ्दो तापक्रमका कारण बन डढेलो तथा आगलागीका घटनाहरु बढ्ने सम्भावना रहेकोले डढेलो तथा आगलागी नियन्त्रणका लागि सुरक्षा सावधानी सहितको तालिम प्राप्त जनशक्ति र उपलब्ध यन्त्र उपकरण व्यवस्थापन गरी सुरक्षा निकाय एवं डिभिजन वन कार्यालयले परिचालन गर्ने ।

७. सडक दुर्घटना न्यूनिकरण गर्न सडक पेटिमा रहेका अनाधिकृत सामाग्रीहरु ढुङ्गा, गिट्टी, बालुवा, निर्माण सामग्रीहरुको सम्बन्धित स्थानीय तहले आवश्यक व्यवस्थापन गर्ने ।

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रुपन्देही

८. मनसुनजन्य हावाहुरी, बाढी, डुवान कटान हुनसक्ने समय भएकोले सो समयमा सर्पहरुको विगविगी बढ्न सक्ने, अत्याधिक गर्मीका कारण 'लु' (तातोहावा) सरुवा रोग मलेरिया जस्ता रोग लाग्ने तथा बाढी डुवानका कारण पानीजन्य/फोहरजन्य रोगहरु बढ्न सक्ने भएकाले सो को रोकथाम तथा उपचारका लागि आवश्यक पर्ने पूर्व तयारी सम्बन्धी पालिका/संघ संस्था कार्यालयहरुले गर्ने गराउने व्यवस्था मिलाउने।

९. जिल्ला स्थित स्थानीय तहहरु बुटवल उपमहानगरपालिका, सैनामैना नगरपालिका, देवदह नगरपालिका, तिलोत्तमा नगरपालिका, शुद्धोधन गाउँपालिका, गैडहवा गाउँपालिका, सियारी गाउँपालिका, ओमसतिया गाउँपालिका, मायादेवी गाउँपालिकाबाट पुलको आसपास नजिक खोला नदीको धार कटान गर्नुपर्ने संरचनामा नदीजन्य पदार्थ बढी भन्दा बढी थुप्रिन गई संरचनालाई नै क्षति पुऱ्याउने अवस्था देखिएको भनि उक्त स्थानीय तहहरुबाट स्थानीय विपद् व्यवस्थापन समितिको निर्णय सहित जिल्ला विपद् तथा जोखिम न्यूनीकरण समितिको वैठकबाट निर्णय गराउन माग भई आएकाले सो सम्बन्धमा छलफल गर्दा देहाय बमोजिमको प्राविधिक समिति गठन गरी सो समितिको सिफारिशको आधारमा नदी प्रवाहमा थुप्रिन गएको गेग्रेन/भस्कट हटाउने र सो को अनुमोदन जिल्ला विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन समितिबाट गर्ने।

**प्राविधिक समितिको गठन :-**

- सडक डिभिजन/पूर्वाधार विकास कार्यालयको प्रमुख वा वरिष्ट ईन्जिनियर
- डिभिजन कार्यालय प्रमुख वा बरिष्ट अधिकृत/चुरे क्षेत्र संरक्षण समितिको प्राविधिक
- जलस्रोत तथा सिंचाई डिभिजन कार्यालय/जलस्रोत व्यवस्थापन आयोजना प्रमुख वा वरिष्ठ ईन्जिनियर
- सम्बन्धित स्थानीय तहको प्राविधिक शाखा प्रमुख
- स्थानीय तहको वातावरण शाखा प्रमुख

**समितिको कार्यदेश देहायबमोजिम हुने :-**

- प्रस्तावित स्थलबाट नदीजन्य पदार्थ (बालुवा, माटो, ग्रावेल, मिस्कट) नहटाउदा संरचना वस्ती वा जमिनमा हुन सक्ने संभावित क्षतिको आकलन गर्ने
- नदिजन्य पदार्थ हटाउँदा कुनै पनि भौतिक संरचना/बस्तीलाई हानी नोक्सानी नहुने कुराको सुनिश्चितता गर्ने
- उपयुक्त कार्यबाट सामाजिक/वातावरणमा पर्ने प्रभाव र सो को न्यूनिकरणका उपाय
- समग्र विश्लेषण सहित नदीजन्य पदार्थ/गेग्रेट/भष्कट हटाउन पर्ने नपर्ने, हटाउन हुने/नहुने स्पष्ट सिफारिश सहितको प्रतिवेदन

१०. चालु.आ.व. ०८२/०८३ का लागि समेत मनसुनजन्य विपद् तातोहावा 'लु' हावाहुरी, चट्याङ्ग सर्पदंश लगायतका विपद्सँग सम्बन्धित विषय वस्तुहरुमा समग्र स्थानीय तहहरुले **स्थानीय विपद् पूर्वतयारी प्रतिकार्य योजना** निर्माण गर्नुका साथै **स्थानीय मनसुनजन्य विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना – २०८३** निर्माण गरी सोही अनुसार कार्यान्वयन गर्ने गराउने।

प्रमुख जिल्ला अधिकारी